मिति :- २०७५।०६।३०

बैठकको नाम : गाउँ कार्यपालिकाको बैठक
बैठक संख्या : ३६

**तपसिल :**

अध्यक्ष श्री दान बहादुर थापा, भगवतीमाई गाउँपालिका, दैलेख

उपाध्यक्ष श्री चन्द्रा रेग्मी, भगवतीमाई गाउँपालिका, दैलेख

सदस्य श्री मान बहादुर बुढा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. १ , दैलेख

सदस्य श्री कर्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. २, दैलेख

सदस्य श्री दान बहादुर खड्का, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ३, दैलेख

सदस्य श्री कृष्ण बहादुर थापा, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ४, दैलेख

सदस्य श्री कृष्ण बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ५, दैलेख

सदस्य श्री बीरशंकर रोकाया, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा नं. ६, दैलेख

सदस्य श्री रत्न बहादुर शाही, वडा अध्यक्ष, भगवतीमाई गा.पा.वडा न ७, दैलेख

सदस्य श्री सेतु खड्का, भगवतीमाई गा.पा.वडा नं. ३, दैलेख

सदस्य श्री पबित्रा नेपाली, भगवतीमाई गा.पा.वडा नं. २, दैलेख

सदस्य श्री कल्पना मगर, भगवतीमाई गा.पा.वडा नं. ५, दैलेख

सदस्य श्री मान बहादुर दमाई, भगवतीमाई गा.पा.वडा नं.६, दैलेख

सदस्य श्री डम्बर ब.कामी, भगवतीमाई गा.पा.वडा नं. ७, दैलेख

प्रस्तावना :

(१) करार कर्मचारीहरुको नियुक्ति सम्वन्धमा ।

(२) सेवा सुविधा सम्वन्धमा ।

(३) रुम स्वास्थ्य चौकीमा अ.हे.व. सम्वन्धमा ।

(४) सामुदायिक ग्रामीण विद्युतीकरण सम्वन्धमा ।

(५) साझेदारी रकम सम्वन्धमा ।

(६) खरिद सम्झौताको लागि म्याद थप सम्वन्धमा ।

**निर्णय नं. १ :**

यस भगवतीमाई गाउँपालिकाको कार्यालयद्धारा मिति २०७५।०६।१५ गते विज्ञापन भई पदपू
समितिबाट मिति २०७५।०७।२० गते सिफारिस भएका तपसिलका कर्मचारीहरुलाई करार तथा नियुक्ति ि
निर्णय गरियो ।

तपसिल :

(१) एक गाउँ एक कृषि प्राविधिक ना.प्रा.स. – १ जना,

(२) अनमी (परिवार स्वास्थ्य) – ५ जना,

(३) कार्यालय सहयोगी – १ जना,

Scanned by CamScanner

**निर्णय नं. २ :**

निर्णय नं.१ वमोजिमका कर्मचारीहरुको करार सम्झौता गर्दा तपसिलका सेवा सुविधा खुलाई करार सम्झौता गर्न निर्देशन गर्ने निर्णय गरियो ।

तपसिल :

| क्र.सं. | विवरण | ना.प्रा.सं. | अनमी | कार्यालय सहयोगी |
|---|---|---|---|---|
| १. | मासिक तलव | रु.२२१७०। | रु.१५०००। | रु. १२०००। |
| २. | चाडपर्व खर्च | रु. २२१७०। | | |
| ३. | पोशाक भत्ता | रु. १०००० | रु. ५०००। | रु. ५००० |

**निर्णय नं. ३ :**

यस भगवतीमाई गाउँपालिका वडा नं. २ मा रहेको रुम स्वास्थ्य चौकीमा अ.हे.व. दरवन्दी रिक्त भई उक्त दरवन्दीमा क्षेत्रीय करार अ.हे.व. श्री भुपेन्द्र सोनी कार्यरत रहेकोमा २०७५ अषाढ मसान्तदेखी उक्त पद रिक्त भई स्वास्थ्य चौकीबाट प्रवाह गरिने सेवामा असर पर्न गएको हुँदा उक्त पदमा भुपेन्द्र सोनीलाई नै करार सम्झौता गराई नियुक्त गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ :**

यस भगवतीमाई गाउँपालिकाको वडा नं. १ देखी ६ साविक पगनाथ, रुम, मेहेलतोली, जगनाथ र कट्टी गा.वि.स.मा ग्रामीण सामुदायिक विद्युतिकरण विनियमावली, २०७१ वमोजिक "ग्रामीण सामुदायिक विद्युतीकरण कार्यक्रम" संचालनको लागि सामुदायिक ग्रामीण विद्युतीकरण विभागसँग साझेदारीमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ :**

निर्णय नं. ४ वमोजिम ग्रामीण सामुदायिक विद्युतीकरण कार्यक्रम संचालनको लागि वितरक संस्थासँग साझेदारीको लागि व्यहोरिने १० प्रतिशत रकम यस गाउँपालिकाको आ.व.२०७५।०७६ को स्वीकृत वार्षिक योजना शीर्षक नं. ३११५३.१ "सबै वडापालिकाको केन्द्रसम्म विद्युत लाईन विस्तार"बाट साझेदारी गरिने निर्णय गरियो ।

**निर्णय नं. ६ :**

यस भगवतीमाई गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको खरिद इकाइको मिति २०७५।०७।०९ गते नयाँ पत्रिका राष्ट्रिय दैनिकमा दोस्रो पटक प्रकाशित स्कारपियो (Pickup DC 4WD S6) गाडी खरिद सम्वन्धी दरभाउपत्रको सूचना वमोजिम रितपूर्वक पर्न आएको अग्नी इनकर्पोरेट प्रा.लि. काठमाण्डौले पेश गरेको प्राविधिक तथा आर्थिक प्रस्तावको मूल्यांकन भई स्वीकृत गरी मिति २०७५।०७।१९ गते सम्वन्धीत सप्लायर्सलाई खरिद सम्झौता गर्न आउने सम्वन्धी पत्र उपर उक्त सप्लायर्सले तत्काल गाडी उपलब्ध गराउन नसक्ने व्यहोराको पत्र सहित म्याद थपको लागि अनुरोध गरेको भनि खरिद इकाइले म्याद थपको लागि सिफारिस गरेको हुँदा उक्त सप्लायर्सलाई २०७५ पौषमसान्तभित्र खरिद सम्झौता गर्नको लागि म्याद थप गर्ने निर्णय सर्वसहमतिले पारित गरियो ।

Scanned by CamScanner